नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
## महोत्तरी, जलेश्वर

प्र.जि.अ. निवास-५२०१५५
कार्यालय-५२०१७७
फ्याक्स नं.- ५२०२००

Email:-daomahottari@moha.gov.np
Web:-daomahottari.moha.gov.np

पत्र संख्या:-प्र/२०७६/०७७ मिति:-२०७६/१२/२०

### जिल्ला प्रशासन कार्यालय, जलेश्वर महोत्तरीको जारी सूचना ।

COVID-19 को संक्रमण रोक्नका लागि नेपाल सरकारबाट मिति २०७६ चैत्र १० गते बिहान १० देखि मिति २०७६ चैत्र २५ गते सम्मको लागि लकडाउन गरेको अवस्थामा अत्यावश्यक कार्यको लागि जिल्ला प्रशासन कार्यालयबाट सवारी पास जारी गरिदै आईएको । हाल सवारी पासको मागको कारण ~~अत्याधिक भिडभाड बढिरहेकोले~~ जिल्ला प्रशासन कार्यालयमा समेत भिडभाड बढेकोले संक्रमणको जोखिम बढ्नुका साथै कतिपय पासहरु दुरुपयोग गरिएको भन्ने गुनासो प्राप्त हुन आएको छ ।

यस सन्दर्भमा अत्यावश्यक सेवा तथा सामग्रीहरुको सहज आवागमनका साथै पासहरु दुरुपयोग रोक्नका लागि देहाय बमोजिम व्यवस्था गरिएको सूचना जानकारीको लागि सबैमा अनुरोध छ ।

१. एम्बुलेन्सहरु, शबवाहन, दमकल, झण्डावाल सवारी, कूटनीतिक उन्मुक्ति तथा सुविधा प्राप्त नियोग, व्यक्ति तथा संघ/संस्थाहरु, प्रेस काउन्सिलबाट जारी भएको प्रेस प्राप्त सञ्चारकर्मीहरु, स्वास्थ्य सेवामा खटिएका चिकित्सक, नर्स, फार्मासिस्ट, पारामेडिक्स (अ.हे.ब., हे.अ.), प्रयोगशालामा कार्यरत प्राविधिक, अस्पतालमा कार्यरत अन्य कर्मचारीहरु, औषधी उत्पादन ढुवानी र बिक्रिवितरणमा संलग्न हुने जनशक्तिहरु, खानेपानीको मर्मत सम्भार र वितरणमा संलग्न जनशक्ति, फोहोरमैला व्यवस्थापनमा परिचालित जनशक्ति, ठूला खाद्य स्टोरमा कार्यरत जनशक्ति, अत्यावश्यक वस्तु तथा सेवा ढुवानी गर्ने मालबाहक सवारी साधनहरु, सवारीहरुलाई पास आवश्यक नपर्ने । साथै सवारी साधन प्रयोगकर्तासँग अनिवार्य रुपमा सम्बन्धित निकायबाट जारी गरिएको आफ्नो कर्मचारी परिचयपत्र साथमा हुनुपर्छ ।

२. खाद्यान्न, तरकारी, फलफूल, माछामासु, दुध र दुधजन्य पदार्थ, पानी, सरसफाईका वस्तुहरु, चिनी, तेल, पशुपंक्षीजन्य आहार, इन्धन जस्ता वस्तुहरुको ओसार पोसार गर्ने भ्यान, पिकअप, टयाङ्करका साथै फोहोर बोक्ने सवारीहरुलाई पास आवश्यक नपर्ने तर यस्ता सवारीहरुमा यात्रु ओसार पोसार गर्न पाईने छैन ।

प्रमुख जिल्ला अधिकारी

३. व्यक्तिगत समस्या, परिवार दुईतिर गाउँमा वा आमा बिरामी, महोत्तरीमा बस्न समस्या, भेटघाट, औषधी पुर्याउनु पर्ने, काम विशेषले आएकोले फर्कनु पर्ने वा परिवारलाई ल्याउनु पर्ने जस्ता व्यक्तिगत समस्याको विषयलाई लिएर पास जारी नहुने भएकाले प्रशासन कार्यालयमा उपस्थित हुने, प्रतिक्षा गर्ने, भिडभाड नगर्नु हुन अनुरोध छ ।

४. भाईरसले कुनै जाती, धर्म, पेशा, पद, जिम्मेवारी, व्यक्तित्व, विशेष अधिकारी, VIP आफन्त नचिन्ने भएकाले आकस्मिक संकट व्यवस्थापनको यो घडीमा अत्यावश्यक काम बाहेक घर बाहिर नजान विशेष अनुरोध छ ।

५. तत्काल पर्ने आकस्मिक मानविय अवस्था, सिरियस बिरामी, अस्पताल जानु पर्ने अवस्था जस्ता परिस्थितिमा नजिकको सुरक्षा इकाइसँग आवश्यक समन्वय गर्नु हुन, यस्तो अवस्थामा अवस्था हेरेर सुरक्षाकर्मीले आवश्यक सहयोग गर्ने छन ।

६. पासको संवेदनशीलतालाई मध्यनजर गरी हाललाई पास वितरण कार्य स्थगित गरिएको छ ।

७. सवारी साधन अनुमति पत्र बमोजिम संचालन भए/नभएको सम्बन्धमा जिल्ला प्रशासन तथा सुरक्षा निकायले अनुगमन गर्दा उद्देश्य विपरित सवारी साधन संचालन भएको पाइएमा अनुमति पत्र रद्द गरी प्रचलित कानून बमोजिम कारवाही गरिने छ ।

८. श्री गृह मन्त्रालयको च.नं.३४६९ मिति २०७६/१२/१८ को पत्र बमोजिम मिति २०७६/१२/१९ गते अघि जारी गरिएको सबै पासहरु रद्द गरिएको छ । उक्त पासहरु प्रयोग नगरिदिनुहुन अनुरोध छ ।

२०७६।१२।२०

प्रमुख जिल्ला अधिकारी